बैठक संख्या: ६२

आज मिति २०८१ साल चैत्र २८ गते बिहीबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | का.वा.सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा वजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २६ | अधिकृत | श्री यादव खनाल | |

बैठक संख्या: ६२

आज मिति २०८१ साल चैत्र २८ गते बिहीबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | का.वा.सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योती बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | अनुपस्थित |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २६ | अधिकृत | श्री यादव खनाल | उपस्थित |

-:: प्रस्तावहरू ::-

१) नगरकोट भ्रमण वर्ष, २०८२ को लागि अनुदान सम्बन्धमा।

२) सडक वोर्ड योजना सम्बन्धमा।

३) थप कक्षा संचालन गर्न अनुमती प्रदान गर्ने सम्बन्धमा।

४) विविध।

-:: निर्णयहरू ::-

निर्णय नं. १

नगरकोट भ्रमण वर्ष, २०८२ संचालन तथा व्यवस्थापन गर्न **नगरकोट नाल्दुम पर्यटन विकास समितिलाई** रू. १५,००,०००/- (पन्ध्र लाख मात्र) अनुदान स्वरूप उपलब्ध गराउने।

निर्णय नं. २

चालु आ.व. २०८१/०८२ का लागि सडक वोर्ड नेपालबाट यस नगरपालिकासँगको साझेदारीमा योजना निर्माण गर्न भनी विनियोजित रकम रू. ६०,००,०००।- (साठी लाख मात्र) बाट निर्माण गर्न देहाय बमोजिम योजनाहरू समावेश गर्ने।

तपसिलः

| क.सं. | योजनाको नाम | वडा | विनियोजित रकम रू. |
|---|---|---|---|
| १ | सुमाङ्गाल शान्तिमार्ग | ८ | २५,००,०००।- |
| २ | सानोखोला ईटाभट्टा जाने मार्ग | ८ | २०,००,०००।- |
| ३ | सहिद भीमसेन मार्ग सडक स्तरोन्नती | ३ | २०,००,०००।- |
| ४ | सातघर गैरीबारी सडकखण्ड स्तरोन्नती | ३ | २०,००,०००।- |

निर्णय नं. ३

बनेपा नगरपालिका विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७५ को दफा १९ को उपदफा १ र २ को प्रक्रिया पुरा गरी यसै कार्यविधिको दफा ६ मा तोकिएका शर्तहरूको पालना गर्नेगरी थप कक्षा संचालनका लागि आवश्यक पर्ने खर्च रकम विद्यालयको आफ्नै स्रोतबाट व्यवस्थापन गर्ने शर्तमा देहय बमोजिम विद्यालयहरूलाई देहाय बमोजिम थप कक्षा संचालन गर्न अनुमती प्रदान गर्ने।

तपसिलः

| क.सं. | विद्यालयको नाम, ठेगाना | विद्यालयको किसिम | हाल संचालित कक्षा | अनुमति प्रदान गरिएको कक्षा |
|---|---|---|---|---|
| १ | श्री जनज्योति माध्यमिक विद्यालय, बनेपा-१० | सामुदायिक | ११ | १२ |
| २ | श्री चक्रज्योति माध्यमिक विद्यालय, बनेपा-१३ | सामुदायिक | ९ | १० |
| ३ | श्री नैमिषारण्य संस्कृत गुरूकुलम्, बनेपा-६ | परम्परागत शिक्षण संस्था | ११ | १२ |
| ४ | श्री ज्योति एकेडेमी, बनेपा-८ | संस्थागत | १० | ११ |
| ५ | श्री न्यू मोडेल एकेडेमी, बनेपा-१० | संस्थागत | ९ | १० |

प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री आर्किड ईन्टरनेशनल एकेडेमी, बनेपा-८ | संस्थागत | ७ | ८ |
| ७ | श्री तारापुञ्ज एकेडेमी, बनेपा-७ | संस्थागत | ५ | ६ |

निर्णय नं. ४

सहकारी संस्थाहरुको प्रादुर्भाव सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिम समिति गठन गर्ने।

संयोजकः नगर प्रमुख, बनेपा नगरपालिका

सदस्यः उप-प्रमुख, बनेपा नगपालिका

सदस्यः अध्यक्ष, जिल्ला सहकारी संघ, काभ्रेपलाञ्चोक

सदस्यः अध्यक्ष, जिल्ला बचत संघ, काभ्रेपलाञ्चोक

सदस्यः अध्यक्ष, जिल्ला बहुउद्देश्यीय सहकारी संघ, काभ्रेपलाञ्चोक

विज्ञ सदस्यः दिपक प्रसाद पौड्याल, मण्डनदेउपुर-९

विज्ञ सदस्यः कुलचन्द्र अधिकारी, नमोबुद्ध-७

विज्ञ सदस्यः रामहरी के.सी., बनेपा-६

विज्ञ सदस्यः मोतिराम तिमल्सिना, बनेपा-९

विज्ञ सदस्यः केशव थापा, पनौती-८

सदस्य सचिवः शाखा प्रमुख, बनेपा नगरपालिका।

निर्णय नं. ५

देहाय बमोजिम व्यक्ति/संस्थाहरूलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | सहायताको विवरण | सहायता रकम रू. |
|---|---|---|---|
| १ | लक्ष्मी श्रेष्ठ, बनेपा-३ | क्यान्सर पिडित एकल महिला | २०,०००।- |
| २ | करूणा पौडेल, बनेपा-६ | Sustemiclupus Erythematosus रोगको उपचारका लागि। | २०,०००।- |
| ३ | कविता आचार्य, (कार्यालय सहयोगी), ३ नं. वडा कार्यालय। | नगरपालिकाको ४४ औं स्थापना दिवस समारोहमा आयोजित रक्तदान कार्यक्रममा सहभागी भई रक्तदान गरेपछि ईन्फेक्सन भएको रोगको उपचारका लागि। | उपचारको प्रमाणित बिल भरपाईको आधारमा उपलब्ध गराउने। |
| ४ | श्याम मानन्धर, बनेपा-८ | अशक्त अनाथलाई पारालाइसिस उपचार खर्च | २०,०००।- |
| ५ | सानुकान्छा थापा, बनेपा-५ | आगोलागी पिडित | १०,०००।- |
| ६ | शेर बहादुर तामाङ, बनेपा-११ | पटक पटक पेटको अपरेशन | २०,०००।- |

निर्णय नं. ६

बनेपा नगरपालिका विधायन समितिबाट पारित भई स्वीकृतिका लागि पेश हुन आएको बनेपा नगरपालिकाको काभ्रे शिक्षा विकास प्रतिष्ठान (निजी शैक्षिक गुठी) को देहाय बमोजिम तीनमहले विधान संशोधन विवरण (दोस्रो संशोधन, २०८१) स्वीकृत गर्ने।

प्रमुख

# “काभ्रे शिक्षा विकास प्रतिष्ठान”

(निजी शैक्षिक गुठी)

तीन महले विधान संसोधन विवरण (दोस्रो संसोधन २०८१)

| क.सं. | साविक | संशोधित | कैफियत |
|---|---|---|---|
| | | परिच्छेद १ | |
| | दफा नं १<br>क) यस संस्थाको नाम “काभ्रे शिक्षा विकास प्रतिष्ठान” (निजी शैक्षिक गुठी) रहनेछ । | दफा नं. १<br>क) यस संस्थाको नाम “काभ्रे शिक्षा विकास प्रतिष्ठान” (निजी शैक्षिक गुठी) रहनेछ । अङ्ग्रेजीमा हिज्जे “KABHRE EDUCATION DEVELOPMENT FOUNDATION” हुनेछ । | अङ्ग्रेजीमा हिज्जे थपिएको |
| | दफा नं. २.<br>ग) “संस्थापक गुठीयार” वा “संस्थापक सदस्य” भन्नाले उक्त निजी गुठी कोष खडा गर्ने सदस्यहरुलाई सम्झनु पर्दछ । | दफा नं. २<br>ग) “संस्थापक गुठीयार” वा “संस्थापक सदस्य” भन्नाले उक्त निजी गुठी खडा गर्ने मौजुदा संस्थापक सदस्यहरुलाई सम्झनु पर्दछ । | संस्थापक सदस्यहरु थपघट हुने हुनाले भाषा स्पष्ट गर्न |
| | घ) “गुठीयार” भन्नाले निजी गुठी कोष खडा गर्ने यस प्रतिष्ठानका सदस्यहरुलाई सम्झनु पर्दछ । | घ) “गुठीयार” भन्नाले निजी गुठी खडा गर्ने यस प्रतिष्ठानका सदस्यहरुलाई सम्झनु पर्दछ । | ‘कोष’ शब्द झिकिएको |
| | ङ) “अध्यक्ष” भन्नाले यस प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्दछ । | ङ) “अध्यक्ष” भन्नाले प्रतिष्ठानको सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्दछ । | भाषा स्पष्ट गर्न |
| | च) साविकमा नभएको | च) “उपाध्यक्ष” भन्नाले प्रतिष्ठानको सञ्चालक समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ । | आवश्यक भएकोले थपिएको |
| | छ) “प्रिन्सिपल” भन्नाले प्रतिष्ठानले संचालन गरेको विद्यालयको प्रिन्सिपललाई सम्झनु पर्दछ । | छ) “प्रिन्सिपल” भन्नाले प्रतिष्ठानले सञ्चालन गरेको विद्यालयको “प्रिन्सिपल” लाई सम्झनु पर्दछ । | |
| | ज) “व्यवस्थापन समिति” भन्नाले प्रतिष्ठानले संचालन गरिने भनिएका विद्यालयहरु संचालन गर्न गठन भएको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ । | ज) “व्यवस्थापन समिति” भन्नाले नेपाल कानुन बमोजिम विद्यालय व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ । | भाषा मिलाईएको |

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७२

| | | | |
|---|---|---|---|
| | ठ) "विस्तारित कार्यक्रम" भन्नाले प्रतिष्ठानले आवश्यक ठानेका स्थानहरुमा आफ्नो सेवा पुऱ्याउन जिल्लाको विभिन्न भागहरुमा संचालित कक्षाहरुलाई सम्झनु पर्दछ । | झिकिएको | आवश्यक नभएको |
| | ड) "इन्चार्ज" भन्नाले विस्तारित कार्यक्रम संचालन गर्न मुख्य व्यक्तिको रुपमा खटाइएको शिक्षकलाई सम्झनु पर्दछ । | झिकिएको | आवश्यक नभएको |
| | ढ) "शुल्क" भन्नाले विद्यालयले विद्यार्थीहरुसँग लिन पाउने शुल्कलाई सम्झनु पर्दछ । | ठ) "शुल्क" भन्नाले विद्यालयले विद्यार्थीहरुसँग लिइने शुल्कलाई सम्झनु पर्दछ। | 'लिन पाउने' सट्टामा 'लिइने' |
| | ण) "प्राचार्य" भन्नाले प्रतिष्ठानद्वारा संचालित उच्च मा.वि.हरुको प्राचार्यहरुलाई सम्झनु पर्दछ । | झिकिएको | उच्च मा.वि. शब्दावली हटाइएको |
| | | ण) "सञ्चालक समिति" भन्नाले गुठीयारहरुबाट गठन हुने गुठीको सञ्चालक समितिलाई सम्झनु पर्दछ। | 'ण)' आवश्यक परेकोले थपिएको |
| | **दफा नं.३**<br>क) यस प्रतिष्ठानद्वारा संचालन गरिएका विद्यालयहरुको नाम "काभ्रे उच्च माध्यमिक विद्यालय", "काभ्रे इङ्गलिश उच्च माध्यमिक विद्यालय" रही आएको र अब उप्रान्त स्थापना गरिने विद्यालयहरुको अन्य कुनै उचित नाम रहनेछ ।<br>ख) काभ्रे उच्च मा.वि.को ठेगाना बनेपा, बुडोल र काभ्रे इङ्गलिश उच्च मा.वि.को ठेगाना पनौती, काभ्रे रहेको छ । | क) यस प्रतिष्ठानद्वारा सञ्चालन गरिएका विद्यालयहरुको नाम "काभ्रे माध्यमिक विद्यालय" अङ्ग्रेजीमा हिज्जे "KABHRE SECONDARY SCHOOL" र "काभ्रे इङ्गलिश माध्यमिक विद्यालय" अङ्ग्रेजीमा हिज्जे "KAVRE ENGLISH SECONDARY SCHOOL" कायम रहने र अब उप्रान्त स्थापना गरिने विद्यालयहरुको अन्य कुनै उचित नाम रहनेछ।<br>ख) काभ्रे माध्यमिक विद्यालयको ठेगाना बनेपा, बुडोल र काभ्रे इङ्गलिश माध्यमिक विद्यालयको ठेगाना पनौती, काभ्रे रहेको छ। | उच्च मा.वि.को उच्च शब्द हटाएको र अङ्ग्रेजीमा हिज्जे थपिएको<br><br>उच्च मा.वि.को उच्च शब्द हटाएको |
| | | **परिच्छेद २** | |
| | ४ संस्थाका उद्देश्यहरु | ४. गुठीका उद्देश्यहरु | 'संस्था'को सट्टामा 'गुठी' |
| | **दफा नं. ६**<br>घ) कानुनी व्यक्ति सरह (Legal Person) सरह कुनै | **दफा नं. ६**<br>घ) कानुनी व्यक्ति (Legal Person) सरह कुनै व्यक्ति वा संस्था उपर मुद्दा | 'सरह' शब्द दोहोरीएकोले भाषा मिलाइएको |

| | | | |
|---|---|---|---|
| | व्यक्ति वा संस्था उपर मुद्दा मामिला गर्न र यस गुठीसंगको मुद्दा मामिलामा प्रतिरक्षा गर्न सक्नेछ । | मामिला गर्न र यस गुठीसंगको मुद्दा मामिलामा प्रतिरक्षा गर्न सक्नेछ । | |
| | **दफा ९. प्रतिष्ठानका संस्थापकहरुको नाम र ठेगाना**<br>यस प्रतिष्ठानका संस्थापक सदस्यहरुको नाम निम्न अनुसार रहनेछ ।<br>क) जगन्नाथ अवा :- बनेपा-२, काभ्रे<br>ख) शान्तिराज कायस्थ :- बनेपा-६, काभ्रे<br>ग) इन्द्रबहादुर श्रेष्ठ :-धुलिखेल-९, काभ्रे<br>घ) बालभक्त प्रधान :- बनेपा-७, काभ्रे<br>ङ) रामशरण लुइँटेल :- पाँचखाल-२, काभ्रे<br>च) ध्रुव प्रसाद शर्मा :- पनौती-८, काभ्रे<br>छ) भुवनकाजी मानन्धर :- बनेपा-७, काभ्रे | **दफा ९ प्रतिष्ठानका संस्थापकहरुको साथै थप सदस्यहरुको नाम र ठेगाना:**<br>यस प्रतिष्ठानका संस्थापक सदस्यहरुको साथै थप सदस्यहरुको नाम निम्न अनुसार रहनेछ ।<br>क) जगन्नाथ अवा बनेपा–२, काभ्रेपलाञ्चोक<br>ख) शान्तिराज कायस्थ बनेपा–६, काभ्रेपलाञ्चोक<br>ग) इन्द्रबहादुर श्रेष्ठ धुलिखेल–९, काभ्रेपलाञ्चोक<br>घ) बालभक्त प्रधान बनेपा–७, काभ्रेपलाञ्चोक<br>ङ) रामशरण लुइँटेल पाँचखाल–२, काभ्रेपलाञ्चोक<br>च) भुवनकाजी मानन्धर बनेपा–७, काभ्रेपलाञ्चोक<br>छ) कुमार मानन्धर पनौती–५, काभ्रेपलाञ्चोक<br>ज) बसन्तराज नेपाल धुलिखेल–१०, काभ्रेपलाञ्चोक | साविक दफा नं. ९(च) ध्रुब प्रसाद शर्मा विगत ११ वर्षदेखि विना सूचना कुनै पनि बैठक र कार्यक्रममा उपस्थित नहुनु भएको हुनाले गुठियारबाट हटाइएको,<br><br>प्रस्तावित दफा नं. ९(छ) र (ज) प्रतिष्ठानका निर्णयले कुमार मानन्धर र बसन्तराज नेपाललाई सञ्चालक समितिमा थप गरिएको |
| | **दफा नं १०.**<br>ग) संस्थापक गुठीयारहरु मध्ये बाँकी ५ जना गुठीको सदस्य रहनेछन् । | **दफा नं १०.**<br>ग) संस्थापक गुठीयारहरु मध्ये एक अध्यक्ष र बाँकी गुठीको सदस्य रहने छन्। | गुठियार र सञ्चालक सदस्य थपघट हुने भएकोले भाषा मिलाइएको । |
| | | च) बैठकको अध्यक्षता गुठी सञ्चालक समितिको अध्यक्षले गर्नेछ । | आवश्यक परेकोले थपिएको |
| | | छ) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् । सो पनि नभएमा समितिले तोकेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछन् । | आवश्यक परेकोले थपिएको |
| | | **परिच्छेद ३** | |
| | | दफा १२ (ख) ८<br>विना कारण विना सूचना एक वर्ष सम्म गुठीको सञ्चालक समितिको बैठक तथा कार्यक्रममा अनुपस्थित रही गुठीको कार्यक्रममा वाधा पर्न गएमा सञ्चालक समितिको दुई तिहाई बहुमतले गुठीबाट हटाउने निर्णय गरेमा । | आवश्यक परेकोले थपिएको |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प्रमुख

| | | | |
|---|---|---|---|
| | **दफा नं १३**<br>ख) गुठीले संचालन गरेका विद्यालयहरु तथा विस्तारित कार्यक्रमहरुको संचालन, रेखदेख, नियन्त्रण र व्यवस्थापनको काम समेतको लागि एउटा गुठी संचालक समितिको गठन हुनेछ । | **दफा नं १३**<br>ख) गुठीले सञ्चालन गरेका विद्यालयहरुको सञ्चालन, रेखदेख, नियन्त्रण र व्यवस्थापनको काम समेतको लागि विद्यालय व्यवस्थापन समितिको गठन हुनेछ । | तथा विस्तारित कार्यक्रमहरुका हटाइएको र गुठी संचालक सट्टामा विद्यालय व्यवस्थापन |
| | **दफा नं १५.**<br>ञ) स्थायी नियुक्ति पाएका शिक्षक कर्मचारीहरुलाई संचयकोषको व्यवस्था गर्ने,<br>ड) संचालक समितिका सदस्यहरुलाई कुनै खास काम तोकिएको अवस्थामा सोको लागि भत्ताको सुविधा निर्धारण गर्ने,<br>ढ) समितिले आफ्नो अधिकारमध्ये केही अधिकार प्राचार्य/प्रिन्सिपललाई सुम्पन सक्नेछ । | **दफा नं १५.**<br>ञ) स्थायी नियुक्ति पाएका शिक्षक कर्मचारीहरुलाई योगदानको आधारमा कोषको व्यवस्थापन गर्ने,<br>ड) समितिले आफ्नो अधिकारमध्ये केही अधिकार प्रिन्सिपललाई सुम्पन सक्नेछ । | ञ) योगदानहरुको आधारमा थप सुविधाहरु प्रदान गर्न कोषको व्यवस्थापन थपिएको<br>साविक ड) आवश्यक नभएकोले हटाइएको |
| | | **परिच्छेद ५** | |
| | **दफा नं २० प्रतिष्ठानमा रहेको घरजग्गा तथा अन्य सम्पति विवरण**<br>यस प्रतिष्ठानको स्वामित्वमा रहेको घरजग्गा तथा सम्पति विवरण अनुसूची २ अनुसार रहेकोछ । | **दफा नं २० प्रतिष्ठानमा रहेको सम्पति विवरण**<br>यस प्रतिष्ठानको स्वामित्वमा रहेको सम्पति विवरण वित्तीय कानुन अनुसार उल्लेख गरिनेछ । | भाषा मिलाइएको |
| | **दफा नं २१**<br>यस प्रतिष्ठानको आर्थिक स्रोत अनुसुची ३ अनुसार रहेकोछ । | दफा नं. २१<br>यस प्रतिष्ठानको आर्थिक स्रोतको व्यवस्था कानुन अनुसार रहनेछ । | अनुसूची झिकी भाषा मिलाइएको |
| | दफा नं. २२. **पूर्वाधारको विवरण**<br>यस प्रतिष्ठानको पूर्वाधारको विवरण अनुसूची ४ अनुसार रहेकोछ । | झिकिएको | आवश्यक नभएको |
| | **दफा नं २४**<br>ख) क्षेत्रीय शिक्षा निर्देशनालयमा सूचीकृत जिल्ला शिक्षा कार्यालयबाट खटाइएको इजाजत प्राप्त लेखा परीक्षकबाट गुठीको निर्णयअनुसार लेखा | **दफा नं २३**<br>ख) नेपाल कानुन बमोजिम तोकिएको वा खटाइएको इजाजत प्राप्त लेखा परीक्षकबाट गुठीको निर्णय अनुसार लेखा परीक्षण गर्न लगाइनेछ । | क्षेत्रीय शिक्षा निर्देशनालयमा सूचीकृत जिल्ला शिक्षा कार्यालयबाट हटाइ नेपाल कानुन बमोजिम तोकिएको वा राखिएको |

प्रमुख

| | | | |
|---|---|---|---|
| | परीक्षण गर्न लगाइनेछ । | | |
| | परिच्छेद ६ | | |
| | **दफा नं २६**<br>क) समितिले विद्यालयहरुका गतिविधि झल्किने देहाय बमोजिमका वार्षिक प्रतिवेदन शैक्षिक सत्र समाप्त भएको दुई महिनाभित्र तयार गर्नेछ । | **दफा नं २५**<br>क) समितिले विद्यालयहरुका गतिविधि झल्किने देहाय बमोजिमका वार्षिक प्रतिवेदन विद्यालयको वार्षिक कार्यक्रममा पेश गर्नेछ । | शैक्षिक सत्र समाप्त भएको दुई महिनाभित्र तयार सट्टामा विद्यालयको वार्षिक कार्यक्रममा |
| | ग) पारित प्रतिवेदन सम्बन्धित निकायमा आ.व. समाप्त भएको तीन महिनाभित्र पेश गरिनेछ । | ग) पारित प्रतिवेदन सम्बन्धित निकायमा आवश्यकता अनुसार पेश गरिनेछ । | आ.व. समाप्त भएको तीन महिनाभित्र सट्टामा आवश्यकता अनुसार राखिएको |
| | परिच्छेद-७ | | |
| | दफा नं. २७<br>गुठीको विधान संशोधन गर्ने अधिकार गुठीयारहरुलाई हुनेछ । गुठीयार सभाको दुई तिहाई बहुमतबाट विधान संशोधनको प्रस्ताव पारित गरी सम्बन्धित निकायबाट स्वीकृती प्राप्त भएपश्चात उक्त संशोधित विधान लागू हुनेछ । | दफा नं. २६<br>गुठीको विधान संशोधन गर्ने अधिकार गुठीयारहरुलाई हुनेछ । गुठीयार सभाको सर्वसम्मत वा दुई तिहाई बहुमतबाट विधान संशोधनको प्रस्ताव पारित गरी सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपश्चात उक्त संशोधित विधान लागू हुनेछ । | सर्वसम्मत वा थपिएको |

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. ७

आ.व. २०८१/०८२ मा बनेपा नगरपालिकामा संचालित देहाय बमोजिम योजनाहरूको शीर्षक संशोधन गर्ने।

| क.सं. | वडा नं. | साविक योजनाको शीर्षक | संशोधित योजनाको शीर्षक | रकम रू. |
|---|---|---|---|---|
| १ | १४ | वडा कार्यालय भवन अगाडी पाटीको छाना मर्मत। | वडा कार्यालय पछाडी शौचालय निर्माण। | १,००,०००।- |
| २ | ९ | शाही गणेश गुठीघर स्तरोन्नती (रू. ५,००,०००।-) | शाही गणेश गुठीघर स्तरोन्नती तथा तीनटापु डाँडा निर्माण | ८,००,०००।- |
| ३ | ९ | तीनटापु डाँडा निर्माण (रू. ३,००,०००।-) | | |

निर्णय नं. ८

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ ले निर्धारण गरेको प्रक्रिया पुरा गरी रीत पूर्वक निवेदन पेश हुन आएको श्री टुसाल खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बनेपा-३ लाई नियमानुसार दर्ता गर्ने।

निर्णय नं. ९

आ.व. २०८२/०८३ देखि लागू हुनेगरी वडा कार्यालयहरूबाट प्रस्ताव गरिने वार्षिक योजना तथा कार्यक्रमहरू वडा अन्तर्गत गठित टोल विकास संस्थाहरू मार्फत छलफल गराई छनौट तथा प्राथमिकताक्रम निर्धारण गरी सिफारिस गर्ने प्रबन्ध मिलाउने।

निर्णय नं. १०

पहिलो पक्ष भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ७ बस्ने सीता दुमरू र दोस्रो पक्ष हाल बनेपा नगरपालिका वडा नं. ५ बस्ने विष्णु माया के.सी. भएको कोठा खाली गराउने समेतका विषयमा न्यायिक समितिले गरेको फैसला कार्यान्वयन गर्ने।

निर्णय नं. ११

बनेपा नगरपालिका वडा नं. ४ अन्तर्गत संचालित रामेश्वरम् मार्गको जग्गाको अवस्था तथा स्वरूपको नापजाँच गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिम समिति गठन गर्ने।

संयोजकः श्री सिर्मल मुस्याजु, ईन्जिनियर, बनेपा नगरपालिका।
सदस्यः श्री श्रीधर पराजुली, सहसचिव, डाइनामिक युवा बचत तथा ऋण सहकारी संस्था लि.।
सदस्यः श्री प्रेमकाजी श्रेष्ठ, वडा समिति सदस्य, वडा नं. ४, बनेपा नगरपालिका।
सदस्यः श्री रीता ढुंगाना, नापी अधिकृत छैठौं, बनेपा नगरपालिका।
सदस्य सचिवः श्री यादव खनाल, अधिकृत छैठौं, बनेपा नगरपालिका।

निर्णय नं. १२

प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको साझेदारीमा रू. २,००,०००।-(दुई लाख मात्र) लागतमा रोफेका जीवन दिने ए.जी. चर्चको ट्रष्ट निर्माण गर्न वडा नं. १० को कार्यालयलाई सहमती प्रदान गर्ने।

प्रमुख

निर्णय नं. १३

शिक्षक सेवा आयोगको सिफारिस बमोजिम स्थायी पदपूर्ति भई विस्थापित हुन पुगेका अस्थायी शिक्षकहरूलाई ६ महिनाभित्र नगरपालिका अन्तर्गतका विद्यालयहरूमा दरबन्दी खाली भएमा जेष्ठताका आधारमा पदस्थापन गर्ने।